# राष्ट्रिय मानव अधिकार आयोग
**National Human Rights Commission**
केन्द्रिय कार्यालय, Central Office
हरिहर भवन, पुल्चोक, ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal


प.सं.
च. नं.

**प्रेस विज्ञप्ति**

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०६९ मंसिर १० गते

## आप्रवासी कामदारहरुको अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन नेपालमा हुने

राष्ट्रिय मानव अधिकार आयोगले आप्रवासी कामदारको अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन मंसिर ११ र १२ गते काठमाडौंमा आयोजना गर्ने भएको छ ।

**एशिया प्रशान्त क्षेत्रका आप्रवासी कामदारको अधिकार संरक्षण र सम्वर्द्धनका लागि मानव अधिकारसम्बन्धी राष्ट्रिय संस्थाहरुबीच सहकार्य** विषयक सम्मेलनको उद्घाटन राष्ट्रपति डा. रामवरण यादवले गर्नुहुने कार्यक्रम रहेको छ ।

सार्क मुलुकलगायत एशिया प्रशान्त क्षेत्रका मानव अधिकारसम्बन्धी राष्ट्रिय संस्थाका अध्यक्ष एवम् सदस्य गरी ३९ जना प्रतिनिधि सहभागी हुने सम्मेलनमा आप्रवासी कामदारहरु पठाउने, प्राप्त गर्ने र ट्रान्जिट मुलुकहरुको सहभागिता रहनेछ । सम्मेलनले आप्रवासी कामदारको हक-अधिकारका लागि सहकार्य, सहयोग र पैरवीका साझा क्षेत्रहरु पहिल्याउने छ ।

यसका अतिरिक्त सम्मेलनले आप्रवासी कामदारहरुको हकहितका पक्षमा संयुक्त राष्ट्रसंघ, विभिन्न देशका सरकार र मानव अधिकारसम्बन्धी संस्थाले तय गरी अपनाएका उपयोगी नीति, योजना एवम् कार्यक्रम पहिल्याएर **काठमाडौं प्रतिबद्धतापत्र** पारित गर्ने उद्देश्य राखेको छ ।

यसैगरी, आप्रवासी कामदारहरुले भोगेका समस्या समाधानका लागि सरकार र मानव अधिकारसम्बन्धी क्षेत्रीय संस्थाहरुको भूमिका सबलीकरण गर्ने सम्बन्धमा सरोकारवालालाई सिफारिश गर्ने पनि सम्मेलनको लक्ष्य रहेको छ ।

आप्रवासी कामदारहरुको हक-हित अभिवृद्धि गर्ने र समस्या समाधान गर्ने दिशामा सहयोगको ढोका खोल्ने कार्यमा सम्मेलन फलदायी हुने अपेक्षा गरिएको छ ।

स्मरणीय छ, आयोगको २०६९ साल मंसिर ७ गतेको बैठकले आप्रवासी कामदारहरूको हक-हित संरक्षण र सम्वर्द्धनका सन्दर्भमा बनेको 'सबै आप्रवासी कामदार र तिनको परिवारको अधिकार संरक्षणसम्बन्धी संयुक्त राष्ट्रसंघीय महासन्धि, १९९०' मा हस्ताक्षर गरी अनुमोदन गर्न नेपाल सरकारलाई सिफारिश गरिसकेको छ ।

(वेदप्रसाद भट्टराई)
निर्देशक


फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal,
Email: nhrc@nhrcnepal.org Website: www.nhrcnepal.org